# दशरथचन्द नगरपालिकाको

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८

दशरथचन्द नगरपालिका, बैतडी

सुदुरपश्चिम प्रदेश नेपाल

नगर प्रमुख

## विषयसूची


खण्ड १ : लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति

१.१ परिचय

१.२ दिर्घकालीन सोच

१.३ लक्ष्य

१.४ उद्देश्य

१.५ प्रमुख नीतिहरु

१.६ रणनीति

१.७ कार्यनीति

खण्ड २ : लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन तथा अनुगमन

२.१ लैससास नीतिको कार्यान्वयन

२.१.१ लैससास मूल प्रवाहिकरणका लागि संस्थागत संयन्त्र

२.१.२ साझेदार एवं समन्वय

२.२ लैससासको अनुगमन र प्रतिवेदन

२.२.१ लैससास शाखा

२.२.२ लैससास कार्यान्वयन समिति

२.२.३ सुपरीवेक्षण र अनुगमन समिति

२.२.४ वडा स्तरीय समिति

२.२.५ सहयोगि एवं साझेदार निकायको भुमिका


नरेन्द्र सिंह थापा
नगर प्रमुख

## संक्षिप्त शब्दावली

एयोतस     एकिकृत योजना तर्जुमा समिति

गापा     गाउँपालिका

नपा     नगरपालिका

जिसस     जिल्ला समन्वय समिति

लैससास     लैगिक समानता तथा सामाजिक समावेशीकरण

CEDAW महिला विरुद्धका सबै प्रकारका हिंसा उन्मूलन पार्ने सन्धि (Convention on the Elimination of ALL Forms of Discrimination Against Women)

CRC बाल अधिकार महासन्धि (Child Rights Reservations)

DPMAS जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (District Poverty Monitoring and Analysis System)

NPC राष्ट्रिय योजना आयोग (National Planning Commission)

PMAS गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (Poverty Monitoring and Analysis System)

PMIS गरिबी अनुगमन सूचना प्रणाली (Poverty Monitoring analysis System)

SWAp क्षेत्रगत निक्षेपण नीति (Sector Wide Approach)

नगर प्रमुख

## अध्याय १ : लैंगिक समानता र सामाजिक समावेशिकरण नीति

### १.१ परिचय

नेपालको संविधान, २०७२ को भाग ३ मा मौलिक हक सम्बन्धि व्यवस्था गरीएको छ। मौलिक हकको भाग १६ मा सबैलाई सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवस्था गरीएको छ। धारा १८ मा समानताको हक, धारा ३८ मा महिला हकको व्यवस्था गरीएको छ। जसअनुसार सबै नागरिकलाई समान व्यवहार गरीने र कुनै पनि आधारमा भेदभाव गरीने छैन्।

त्यसै गरी नेपाल राज्यले अवलम्बन गरेका नीतिहरुको व्यवस्था धारा ५१ मा गरेको छ। धारा ५१ को ञ मा सामाजिक न्याय र समावेशीकरणको नीति अवलम्बन गरेको छ।

तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, मुक्त हलिया, सुकुमबासी, एकल महिला, HIV संक्रमित, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन। यसबाट नेपालमा वर्तमान समय समाजमा पछाडी परेका र पारीएका वर्ग रहेको र उनीहरुको उत्थानका लागि विशेष विकास कार्यक्रमको आवश्यकता रहेको स्पष्ट देखिन्छ। समाजमा पिछडिएका वर्ग एवं समुदायले समाजबाट विभेद भोगिरेहकोले सोको विकास र उत्थानका लागि समानता र समावेशीकरणको नीति निमार्ण गरी सोका आधारमा रणनीति बनाई कार्यक्रम निमार्ण गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

हाम्रो देश नेपाल एक बहुजातीक, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक देश हो। प्रत्येक समुदाय र जातजातीहरुको समानुपातिक सन्तुलीत र न्यायसंगत प्रगति हुन सकेमात्र मुलुका दिगो शान्ति, विकासको प्रत्याभुति हुन्छ। नेपाली समाजमा विद्यमान अवस्था लैंगिक, जातिय असमानता विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी आदि जस्ता विसंगतीहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्वारा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लैंगिक समानता र समावेशिकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिबद्धतालाई निरन्तरता दिन सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र, तथा नागरिक समाज एवं दातृ निकायका पहलमा उल्लेख्य कार्य भएका छन्।

नेपालको संविधान, २०७२ को निर्देशक सिद्धान्त, मौलिक हकमा उल्लेख्य व्यवस्था अर्न्तगत पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, मुक्त हलिया, सुकुम्बासी, एकल महिला, HIV संक्रमित, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति,

नगर कार्यपालिकाको कार्यालय

नरेन्द्र सिंह थापा
नगर प्रमुख

गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि विशेष कार्यक्रम निमार्ण गर्न खुल्ला गरेको छ।

नेपालको संविधानको धारा २९६ को उपधारा १ को प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ निमार्ण गरी संविधान बमोजिम स्थानीय सरकारको अधिकारको कार्यान्वयन गर्ने तथा संघ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व एवं समन्वयलाई प्रवर्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता, सुनिश्चित गरी गुणस्तरी सेवा प्रदान गर्नका लागि व्यवस्था गरीएको छ।

स्थानीय सरकारले संघ र प्रदेश सरकारबाट प्राप्त विनियोजित रकमको खर्च सशर्त भए सो अनुसार गर्ने र ढिक्का प्राप्त भएमा सोको योजना तर्जुमा प्रक्रियाको माध्यमबाट आवश्यकता अनुसार खर्च गर्ने अधिकार अनुसार स्थानीय स्तरबाट तयार गरीने कार्यक्रममा समेत उच्च प्राथमिकताका साथ नीति निमार्ण गरी कार्यान्वयन गर्ने क्षेत्राधिकार स्थानीय तहमा रहेको कारण स्थानीय तहको आफ्नै नीति हुनपर्ने देखिन्छ । जसको प्रतिफल लैंगिक समानता र सामाजिक समावेशिकरणका मुद्दाालाई प्राथमितामा राखि सम्बोधन गरीएको छ।

नेपालमा विगत तीन दशक देखि क्रमिक रुपमा नीतिगत परीवर्तन र नीतिगत सुधारहरु भएका छन्। महिला, वालबालिका र पछाडीपरेका वर्गको विकासमा नेपाल सरकार दातृ निकाय र समाजका अन्य निकायहरुले उल्लेख्य कार्य सम्पन्न भएता पनि उल्लेख्य सुधारको अझै आवश्यकता देखिन्छ। अझै पनि यी वर्गहरुको मानव विकास सुचकांक र राजनैतिक, आर्थिक पहुँच र शिक्षा एवं रोजगारका क्षेत्रमा अवस्थामा सुधार आउन सकेको छैन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले लैंगिक समानता र सामाजिक समावेशिकरणका लागि सबै मन्त्रालय, स्थानीय तहमा एकै किसिमको नीति हुनुपर्ने आवश्यकता महसुस गरेको छ। स्थानीय निकायको नेतृत्वमा अन्य गैर सरकारी, निजि क्षेत्र, नागरिक समाज र अन्य साझेदार निकायहरुले समन्वयात्मक रुपमा नीति कार्यान्वयनमा साझेदारी गर्नेछन्। जसले कार्यक्रममा दोहरोपन नआई प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्न सहज हुनेछ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए अनुसार स्थानीय सरकार वा नगरपालिका सरकारले ऐनको परिच्छेद ६ योजना तर्जुमा र कार्यान्वयनको दफा २४ को उपदफा १ मा व्यवस्था भए अनुसार आफ्नो नगरपालिकाको विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन र दिर्घकालीन विकास योजना बनाई लागु गर्ने छ। उपदफा २ मा अनुसार नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य उद्देश्य र समय सिमा र प्रक्रियासंग अनुकुल हुनेगरी सुशासन र लैंगिक तथा सामाजिक समावेशिकरण जस्ता अन्तर सम्बन्धित विषयलाई प्राथमिकताका साथ ध्यानदिनुपर्नेछ भने उपदफा ३ मा प्राथमिकता दिनुपर्ने योजना मध्ये महिला, बालबालिका र पिछडिएको क्षेत्र, समुदाय र वर्गलाई प्रत्यक्ष लाभ पुग्ने छ। लैंगिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धि हुने खालका कार्यक्रम समावेश गरी कार्यक्रमको रणनीतिको योजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ।

## १.२ दिर्घकालिन सोच

नरेन्द्र सिंह थापा
नगर प्रमुख

जातीय, भेगिय, एवं लैंगिक भेदभावमुक्त एवं न्यायपूर्ण समतामूलक समाजको निमार्ण गर्ने ।

### १.३ लक्ष्य

लैंगिक एवं सामाजिक समतामूलक विकासको माध्यमबाट समतामुलक समाजको निमार्ण गरी आर्थिक अवस्थामा सुधार गरी गरिबी न्यूनिकरण गर्ने ।

### १.४ उद्देश्य

- नगरपालिका अर्न्तगतका शाखा एवं मातहतका निकायहरुमा संस्थागत एवं कार्यक्रमगत रुपमा लैंगिक तथा सामाजिक समावेशिकरणका विषयमा संवेदनशिल हुन प्रेरित गर्ने ।
- महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडा वर्ग, अपांगता, ज्येष्ठ नागरिक, मुक्त हलिया, सुकुम्बासी, एकल महिला, HIV संक्रमित, अल्पसंख्यकहरुको आवश्कता एवं अवस्थाप्रति अझ बढी सम्वेदनशिल, उतरदायि एवं जवाफदेही रहन सरोकारवालको क्षमता विकास गर्ने ।
- स्थानीय तहको विकासमा महिला, दलित, अल्पसंख्यक, किसान, श्रमिक, युवा, बालबालिका हरुको क्षमता विकास गरी विकास प्रक्रियामा अर्थपूर्ण र सक्रिय सहभागिता गराई समान र समावेशि विकास प्रक्रियालाई सुनिश्चित गर्ने ।
- सरोकारवालाहरुलाई आवश्यकता पहिचान, बार्षिक एवं आवधिक योजना निमार्ण, कार्यक्रम तथा बजेट तर्जुमा कार्यान्वयन र अनुगमन गर्दा लैंगिक एवं सामाजिक समावेशिकरणका विषय प्रति संवेदनशिल, जवाफदेहि एवं उत्तरदायि हुन अभिप्रेरीत गर्ने ।
- लैंगिक एवं सामाजिक समावेशी उत्तरदायि अवधारणलाई स्थानीय निकाय, नगरपालिकाले संस्थागत एवं कार्यक्रमगत रुपमा समावेश गरि सञ्चालित आयोजना र कार्यक्रममा सुनिश्चित एवं प्रभावकारी रुपमा लागु गर्ने ।
- स्थानीय योजना तर्जुमा प्रक्रियालाई लैंगिक संवेदनशिल बनाउन लैंगिक संवेदनशिल बजेट तर्जुमा (Gender Responsive Budgeting) लाई प्रभावकारी कार्यान्वयन गर्ने ।
- यो नीति तथा रणनीतिको कार्यान्वयनले लैंगिक समानता र समावेशीकरणलाई नगरपालिका स्तरमा कार्यक्रमलाई दिगो रुपमा मूलप्रवाहिकरण गर्न मदत गर्नेछ ।

### १.५ प्रमुख नीतिहरु

- सामाजिक एवं विकास प्रक्रियामा पछाडी परेका र पारिएका वर्ग, समुदाय र क्षेत्रको विकासका लागि कार्यक्रम कार्यान्वयन गरी समानुपातिक विकास गरीनेछ ।
- विकासलाई सामाजिक समावेशी एवं लैंगिकिकरण गर्दै लगिनेछ ।
- महिला, बालबालिका, आदिवाशी, दलित, पिछडिएको वर्ग, अपांगता, एवं लैंगिक अल्पसंख्यक (Sexual Gener Minority-LGBTIQ) एवं विपन्न वर्गको सशक्तिकरण गर्दै लगिनेछ ।

नरेन्द्र सिंह थापा
नगर प्रमुख

- विकास निर्माण एवं नीति निर्माणमा महिला, बालबालिका, आदीवासी, दलित, पिछडिएको वर्ग एवं विपन्न वर्गको समानुपातिक एवं अर्थपुर्ण सहभागिताका लागि कार्य गरीनेछ ।
- महिला, बालबालिका, आदिवासी, जनजाती मानव अधिकारको क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्र संघीय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं घोषणापत्रका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयेन गर्ने ।
- विकास निमार्ण तथा मानवीय कार्यहरुको सम्पादन गर्दा लैससासलाई मुख्य विषयका रुपमा अनिवार्य समावेश गर्ने ।
- नगरपालिकाबाट सञ्चालित कार्यक्रम र आयोजनाहरुमा सामाजिक एवं लैंगिक परीक्षणको व्यवस्था गर्ने ।
- लैंगिक उत्तरदायि बजेटलाई संस्थागत गर्ने ।
- लैंगिक समानता र महिला सशक्तिकरणका कार्यक्रहरु सञ्चालन गर्ने ।
- लैंगिक समानता र उत्तरदायित्व मापन गर्न कार्यक्रमको निर्माण र कार्यान्वयनमा लैंगिक रुपान्तरण विधिको प्रयोग गर्ने ।
- नगरपालिका र मातहतका निकायहरुले कुनै पदमा नियुक्ति गर्दा समावेशी एवं आरक्षणको प्रक्रियालाई नियमन एवं कार्यान्वयन गर्ने । जसका लागि लोकसेवा आयोग, संघीय सरकार र प्रदेश सरकार को नीति लाई आधार मान्ने ।
- समाजमा विद्यमान हानिकारक प्रचलनहरु ( बाल विवाह, लिगं पहिचान, शारीरिक एवं लैंगिक हिंसा (SGBV), अन्य समाजमा विद्यमान रुढीवादी विश्वासहरु ) न्युनीकरणका लागि सामाजिक व्यवहार कार्यनीतिको निर्माण गरी कार्यान्वयन गर्ने ।
- बालिका/किशोरी विकास कार्यक्रमलाई महत्वका साथ संस्थागत गर्ने ।
- नगरपालिकाले संरचना निमार्ण गर्दा लैंगिक एवं अपांगता मैत्री संरचना निमार्ण प्रक्रियालाई संस्थागत गर्ने । माहामारी, आपतकालीन अवस्था, प्राकृतिक प्रकोप, प्रकोप पूर्वतयारी एवं उद्धार कार्यमा लैससासको पक्षलाई समेत कार्यान्वयन गर्ने ।
- नगरपालिको प्रशासनिक र विकास कार्यको कार्यान्वयनका लागि कोहि पछाडी नपरोस नीतिको (No one Behind policy ) अवलम्वन गर्ने ।

## १.६ रणनीतिहरु

लैंगिक समनता र सामाजिक समावेशिकरण मूलप्रवाहिकरणका लागि अलग्गै कार्य गरेर सम्भव छैन् । यसको लागि बिकेन्द्रिकृत शासन प्रणाली, संस्थागत संयन्त्रको आवश्यकता र प्रभावकारी सेवा प्रवाहको आवश्यकता पर्दछ । लैंगिक समानता र सामाजिक समावेशिकरण (लैससास) लाई सम्बोधन गर्न बिकेन्द्रिकरण, सहभागितात्मक विकास र बहसका माध्यमबाट कार्यान्वयन गर्न सकिन्छ । यस रणनीतिमा नगरपालिको कार्यक्रम, समग्र संरचना र कार्यक्रमले सुधार गर्न चाहेका क्षेत्र र कार्य प्रणालीलाई अझ बढी लैंगिक समानता र सामाजिक समावेशिकरण बनाउन आवश्यक व्यवस्था गरीएको छ ।

नरेन्द्र सिंह थापा
नगर प्रमुख

यस नगरपालिकामा लैंगिक समानता र सामाजिक समाशेशिकरणका रणनीतिहरु देहाय बमोजिम रहेका छन् ।

१. नगरपालिका क्षेत्रमा विकास प्रक्रियामा सबै सामाजिक समुहहरुको अधिकाधिक सहभागिता सुनिश्चित गर्ने खालको संस्थागत संरचना, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने ।

२. नगर सरकारले न्यायोचित रुपमा उपयुक्त वित्तिय स्रोतहरुमा पहुँचमा बृद्धि गर्ने ।

३. नगरपालिकाको वडा र समुदाय क्षेत्रमा लैंगिक तथा सामाजिक विभेद कम गर्न सामुदायिक सचेतना र सशक्तिकरणको निमित्त सामुदायिक संस्थाहरु, महिला, दलित, अपांगता भएका, लैंगिक अल्पसंख्यक, बालबालिका, मुक्त हलिया, सुकुम्वासी, एकल महिला, HIV संक्रमित, आदिबासी र जनजाती समुहहरुबाट प्रतिनिधित्व हुनुपर्ने र ३३ प्रतिशत महिला सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । साथै योजना तर्जुमा र कार्यक्रम कार्यान्वयनमा बन्चितकरणमा परेका समुह र सरोकारवाला सबैको अझ फराकिलो सहभागिता सुनिश्चित गर्न वडा र टोलमा समिति र समुहहरुको व्यवस्था गर्ने ।

४. लैससासका लागि संस्थागत र व्यक्तिगत क्षमता विकासका क्षेत्र पहिचान गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

५. नगरपालिकाको कार्यक्रम तथा सेवा प्रवाह गर्ने संयन्त्र लैंगिक समानता तथा सामाजिक समावेशि हुनेगरी सुधार गर्ने ।

६. नगरपालिकासंग सम्बन्धित विभिन्न नीतिहरुको लैससासका दृष्टिकोणले पुनरावलोकन एवं परिमार्जन गर्ने ।

७. केन्द्रिय एवं प्रदेश सरकारबाट कार्यक्रम माग गर्न एवं संचालन गर्न स्थानिय तहको क्षमता विकास गर्ने ।

**रणनीति १: नगरपालिका क्षेत्रको विकास प्रक्रियामा सबै सामाजिक समुहहरुको अधिकाधिक सहभागिता सुनिश्चित गर्ने खालको संस्थागत संरचना, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने ।**

नगरपालिकाभित्र रहेका प्रत्येक वडामा र वडा भित्र रहेका प्रत्येक समुदाय र टोलहरुमा वडा स्तरीय र समुदाय स्तरबाट टोल स्तरमा रहेका समुह र संस्थाहरु लाई सुदृढ गर्दै लैजाने । वडा भित्र रहेका टोल वा समुदायमा गठन गरीएका सामुदायिक संस्थाहरुको कार्यक्षेत्र वडाभित्र रहेको आफ्नो टोल र समुदायलाई सम्झनु पर्दछ ।

| एकाई | संस्थागत सयन्त्र | प्रतिनिधित्व |
|---|---|---|

नरेन्द्र सिंह थापा
नगर प्रमुख

CamScanner

| | | |
|---|---|---|
| नगरपालिका | सुपरिवेक्षण तथा अनुगमन समिति | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गठन गरिने समितिमा सामुदायिक संस्थाहरुमा महिला, बालबालिका, दलित, आदिबासी, जनजाती , अपांगता भएका सेवाग्राहि, राजनीतिक दलका प्रतिनिधि, गैसस, पत्रकार, सामाजिक, बौद्धिक व्यक्तित्व, स्थानीय सामाजिक कार्यकर्ताहरु, नागरिक समाज, र सरोकारवालाहरुको प्रतिनिधित्वको व्यवस्था मिलाईने छ । |
| नगरपालिका | एकिकृत योजना तर्जुमा समिति | • महिला, बालबालिका तथा अन्य बञ्चीतकरणमा परेका समुहरुको प्रतिनिधत्वको व्यवस्था गरिने । |
| | | • महिला संगठनका प्रतिनिधिहरुको प्रतिनिधित्व गरिने प्रक्रिया निर्धारण गर्ने । |
| | | • गैसस, सामुदायिक संस्था, दलित, आदिबासी, आफ्नो प्रतिनिधि छनौट गरी प्रतिनिधि पठाउने छनौट विधि तयार गरीने छ । |
| | | • बञ्चितिकरणमा परेका समुदायहरुको आफ्नो प्रतिनिधि चयन गरी पठाउने व्यवस्था गरीने छ । |
| वडा | सामुदायिक संस्थाहरु | • सामुदायिक संस्था वा समुदाय भित्रका बञ्चितिकरणमा परेका विभिन्न समुह र सरोकारवाला मध्येबाट कम्तीमा ३५ जना सम्मको प्रतिनिधित्व रहने व्यवस्था गरीने छ । |
| | | • गैसस, सामुदायिक संस्था, दलित ,आदिबासी, आफ्नो प्रतिनिधि छनौट गरी प्रतिनिधि पठाउने छनौट विधि तयार गरीने छ । |
| | | • सामुदायिक संस्था र टोलमा कम्तीमा ३५ प्रतिशत महिलाको सहभागिता रहने व्यवस्था गरीने छ । |
| | | • सामुदायिक संस्थाहरुमा हुने छलफलको अध्यक्षता त्यस क्षेत्रको वडा सदस्य एवं महिला सदस्यको अध्यक्षतामा गरीने छ । |
| | | • सामुदायिक संस्थाहरुको क्षेत्रभित्र नपरि छुट्न गएकाहरुको प्रतिनिधित्वको व्यवस्था मिलाईने छ । |

सामुदायिक संस्था र एकिकृत योजना तर्जुमा समितिको कार्यक्षेत्र तपशिल अनुसारको हुने छ ।

अमरगढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय अमरगढी, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

नरेन्द्र सिंह धामी
नगर प्रमुख

| एकाई | कार्यक्षेत्र |
|---|---|
| सामुदायिक संस्थाहरु | • सामुदायिक संस्था तथा सुपरीवेक्षण तथा अनुगमन समितिलाई अनुगमनका लागि आफ्नो नगरमा महिला तथा बञ्चितिकरणमा परेका व्यक्तिको स्थिति जस्तै : लैंगिक हिंसामा आधारीत हिंसा, पोषण तथा प्रजनन् स्वास्थ्य तथा विभेदयुक्त प्रचलनबारे सुचना प्रदान गर्ने । |
| | • लैससासको दृष्टिकोणबाट सकारात्मक विभेदको दृष्टि राखि योजनाको कार्यान्वयनमा समन्वय गर्नुका साथै अनुगमन गर्ने । |
| | • महिला बालबालिका तथा बञ्चितिमा परेकाहरु कार्यक्रम कार्यान्वयनबाट कार्यक्रम कार्यान्वयनबाट कतीको लाभानत्वित भएका छन् भनेर अनुगमन गर्ने र वडामा सञ्चालन भई रहेका विभिन्न आयोजनाहरुको समन्वयमा सहजकारी भुमिका निर्वाह गर्ने । |
| | • लैससास सम्वेदनशिल मापदण्ड एवं प्रक्रियामा आधारीत उपयुक्त प्राथमिकिकरणको विधिलाई उपयोगमा ल्याउने । |
| | • योजना प्राथकिकिकरण गर्दा महिला बालबालिका र बञ्चितिकरणमा परेकाहरुको आवश्यकता र चाहना कत्तिको समावेश हुन सक्यो हेर्ने । |
| | • नगर सभाका लागि आफ्ना प्रतिनिधिहरु पठाउने । |
| वडाका रहेका बस्ती समुहहरु | • वडामा छनौट भएका महिला, बालबालिका र बञ्चितिमा परेकाहरुका योजनाहरुमा समुदायमा रहेका नागरिकहरुसंग खुल्ला छलफल गर्ने । |
| | • सहभागितात्मक योजना तर्जुमाबाट आएको प्राथमिकता सहितको योजना प्रस्ताव एकिकृत योजना तर्जुमा समितिमा पेश गर्ने । योजना एकिकृत तर्जुमा समितिमा पेश गर्नुपूर्व योजना प्राथमिकिकरण गर्दा महिला, बालबालिका र बञ्चितमा परेकाहरुको आवश्यकता र चाहना योजनामा कत्तीको समावेश हुन सकेको छ छैन् हेर्ने । योजना कल्याणकारी खालको मात्र छकी वा रणनीतिक आवश्यकता पुरा गर्ने खालको छ । त्यसलाई मध्यनजर गरी प्राथमिता निर्धारण गर्ने । |
| | • नगर परिषद्मा प्रस्तावित योजना र कार्यक्रमहरु एकिकृत समितिले पेश गरे अनुरुप भए नभएको सुनिश्चित गर्ने । |
| | • सञ्चालित कार्यक्रमको अनुगमनमा सहयोग पुऱ्याउने । अनुगमन गर्दा सञ्चालित कार्यक्रमबाट महिला, बालबालिका र बञ्चितिमा परेकाहरु कत्तीको लाभान्वित भएका छन् एकिन गर्ने । |
| | • समुदाय बस्ती स्तरमा समन्वय गरी समुदायका नागरिकहरुलाई सक्रिय |

नरेन्द्र ... थापा
नगर प्रमुख

CamScanner

| | |
|---|---|
| | सहभागिता गराई उनीहरुको आवाज सुनुवाई हुने व्यवस्था मिलाउने । |
| | • सरकारी निकाय तथा गैरसारकारी निकायका कार्यक्रमहरु लैससास सबेदनशिल बनाउन (Advocacy) वकालत गर्ने । |
| | • कार्यक्रममा दोहरोपन आएमा जनसरोकारका सवालसंग बाभिएमा विभिन्न निकायहरुबिच मध्यस्थता गराउने । |
| | • अति आवश्यक क्षेत्र र मानिसका लागि विषयगत निकायहरुबाट सेवाको प्रावधान मिलाउन सहजिकरण गर्ने । |
| | • सञ्चालनमा रहेका विकासका गतिविधि र परिचालनमा रहेका गतिविधिहरुको विवरण तयार पार्न सहयोग गर्ने । |
| | • आर्थिक रुपले गरीब र सामाजिक रुपमा विभेद गरीएका मानिसहरुको पहिचान गर्न सम्पन्नता स्तरीकरण जस्ता विधिहरुको अवलम्बनमा सुनिश्चितता ल्याउने । |
| | • नगरपालिकाको कार्यक्रम तथा बजेट तर्जुमाका साथै क्षेत्रगत सेवाको व्यवस्थाका लागि उर्पयुक्त तथ्याङ्क तथा सूचनाहरु जुटाउन वडामा रहेका सामुदायिक संस्थाहरुसंग समन्वय गर्ने । |
| एकिकृत योजना तर्जुमा समिति | • नगरपालिकामा एकिकृत योजना तर्जुमा समिति गठन गर्ने व्यवस्था मिलाईने छ । यस समितिमा समुदायका विभिन्न वर्गका सदस्यहरुको प्रतिनिधित्व गरिने छ । यसको जिम्मेवारी निम्न अनुसार हुनेछ ।<br>○ नगरपालिकाका विपन्न वर्ग, गरिव पछाडी पारीएका समुदाय एवं सरोकारवालाका लागि बजेट छुट्याउन प्रस्ताव गर्ने ।<br>○ योजनाको प्राथमिकता गर्दा महिला, बालबालिका र बञ्चितिमा परेकाहरुको आवश्यकता र चाहना कती समावेश हुन सकेको छ छैन् हेर्ने । योजनाको प्राथमिकिकरण गर्दा कल्याणकारीका साथै रणनीतिक भएको लाई प्राथमिकतामा राख्ने । अति पिछडिएका समुदाय र वर्गका लागि कार्यक्रम र बजेट व्यवस्थाको प्राथमिकतामा जोड दिने ।<br>○ लैससासको पक्षबाट योजना समावेश भए नभएको यकिन गर्ने ।<br>○ स्थानीय निकायका मानिसहरुको आवश्यकता सम्बोधन हुने व्यवस्था मिलाउने ।<br>○ समावेशि योजना तर्जुमा र प्राथमिताक्रम निर्धारण गरीएका योजनाहरु परिषद्मा पेश गरीएको सुनिश्चित गर्ने ।<br>○ लैससासको दृष्टिकोणबाट सकारात्मक विभेदको मान्यता राखि योजनाको तर्जुमा गर्ने । |

नगरकार्यपालिकाको कार्यालय
गढी, त्रलेना, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

नरेन्द्र सिंह थापा
नगर प्रमुख

CamScanner

| | |
|---|---|
| | ○ सहभागितामुलक तवरबाट प्राप्त हुन आएका योजनाहरु प्राथमिकिकरण गरी सुचिकृत गर्ने ।<br>○ प्राप्त योजनालाई क्षेत्रगत रुपमा छुट्याई समुहिकृत गर्ने ।<br>○ नगरपालिकाले निर्धारण गरेका प्राथमिकिकताका आधारमा गरेका प्राप्त योजनाहरुलाई बजेट सिमा भित्र रहि प्राथमिकिकरण गरी नगरपालिकामा सिफारिस गर्ने । |
| सुपरिवेक्षण तथा अनुगमन समिति | • स्थानीय सरकार सञ्चालन गर्न बनेको ऐन, २०७४ अनुसार संघीय, प्रदेश र स्थानीय तह बिच सरकार बिचको सहकारीता, सहअस्तित्व र समन्वलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चिता गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न एवं महिला, बञ्चितिमा परेका समुहहरु एवं सरोकारवालहरुको प्रतनिधित्व गरी समिति तयार गरीनेछ ।<br>• यस समितिको कार्यक्षेत्र तपशिल बमोजिमको रहने छ ।<br>○ लैससासको दृष्टिकोणबाट सकारात्मक विभेदको मान्यता राखी योजनाहरुको कार्यान्वयमा समन्वय एवं अनुगमन गर्ने ।<br>○ महिला बालबालिका र बञ्चितिमा परेकाहरु कार्यक्रम कार्यान्वयनबाट कतीको लाभान्वित भएका छन् अनुगमन गर्ने । |

एकिकृत योजना तर्जुमा समितिको (एयोस) बैठक चौमासिक रुपमा बस्नेछ र सो बैठकमा महिला, बालबालिका र बञ्चितिमा परेका वर्गहरुको हितमा भएका निर्णयहरु अभिलेखमा राखि प्रतिवेदन नगरपालिकामा पेश गरीने छ ।

**रणनीति २: नगर सरकारले न्यायोचित रुपमा उपयुक्त वित्तिय स्रोतहरुमा पहुँच्मा बृद्धि गर्ने ।**

- स्थानीय तह सञ्चालन ऐन २०७४ मा व्यवस्था भए अनुसार महिला, बञ्चितिमा परेका समुहहरु लाई केन्द्रमा राखि योजना तजुर्माका क्रियाकलाप गर्ने र सोको अनुगमनको प्रभावकारीताको मूल्यांकन गर्ने ।
- विभिन्न वर्गको अवस्था विश्लेषण गरी आवश्यकताका आधारमा बजेटको व्यवस्था गर्ने ।
  - ✓ लैससास लाई दृष्टीगत गरी बजेटको (Gender Budget) व्यवस्था गर्ने र सो सुचकांक तयार गरी (Gender Audit) को समेत व्यवस्था गर्ने ।
  - ✓ आवश्यक विश्लेषणका लागि सो अनुसारको फाराम र चेक लिष्ट तयार गरी प्रयोग गर्ने ।
  - ✓ बजटेको व्यवस्था गर्दा आवश्यकतालाई सम्बोधन गर्ने खालको भए नभएको मापन गर्ने र पृष्ठपोषण प्रदान गर्ने ।
- सञ्चालित कार्यक्रम र आयोजनाहरुको सुपरीवेक्षण एवं मूल्यांकन गर्ने ।

नरेन्द्र सिंह थापा
नगर प्रमुख

CamScanner

- ✓ सहभागितात्मक समिति निमार्ण गर्ने जस्मा बञ्चितिमा परेका समुहहरुको प्रतिनिधित्वको सुनिश्चितता गर्ने ।
- ✓ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार अनुगमन एवं सुपरीवेक्षण समिति गठन गरी सुपरीवेक्षण एवं मूल्याकन गर्ने ।

**रणनीति ३: नगरपालिका र समुदाय क्षेत्रमा लैंगिक तथा सामाजिक विभेद कम गर्न सामुदायिक सचेतना र सशक्तिकरणको निमित्त सामुदायिक संस्थाहरु, महिला, दलित, बालबालिका, आदिबासी र जनजाती समुहहरु बाट प्रतिनिधित्व हुनुपर्ने र ३३ प्रतिशत महिला सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । साथै योजना तर्जुमा र कार्यक्रम कार्यान्वयन मा बन्चितमा परेका समुह र सरोकारवाला सबैको अझ फराकिलो सहभागिता सुनिश्चित गर्न वडा र टोलमा समिति र समुहहरुको व्यवस्था गरीएको छ ।**

- बञ्चितिमा परेका नागरिक, सर्वसाधारण नागरिक, महिलाहरुको ज्ञानमा अभिबृद्धि गर्ने ।
- कार्यक्रम तर्जुमा र अनुगमनमा महिला तथा बञ्चितिमा परेका समुहहरुको आवाजको सूनिश्चितताका लागि सक्रिय नागरिकका रुपमा उनीहरुको क्षमता विकास गर्ने ।
- सरोकारवाला सञ्जाल र प्रतिनिधिमूलक संगठनको क्षमतामा अभिबृद्धि गर्ने ।
- सामाजिक तथा विद्यमान लैंगिक हिंसा कम गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको सफल प्रयास लाई लागु गर्ने ।

**रणनीति ४: लैससासका लागि संस्थागत तथा व्यक्तिगत दुबै थरी क्षमता विकासका क्षेत्र पहिचान गरी कार्यक्रम कार्यान्वयन गर्ने ।**

- लैससास उत्तरदायि सेवाका लागि क्षमता विकास गर्ने ।
  - ✓ नगरपालिका, विषयगत कार्यालय, विभिन्न समिति तथा सरकारी निकायका कर्मचारीहरुलाई लैससासको मूल अवधारणाबारे प्रशिक्षण दिने ।
  - ✓ वडा कार्यालयका प्रमुख, राजनैतिक दलका प्रतिनिधिहरुलाई लैससास अवधारणाबारे अनुशिक्षण प्रदान गर्ने ।
  - ✓ अन्तरक्रिया सञ्चालन गर्ने एवं कर्मचारीको क्षमता विकासका लागि पहल गर्ने । कर्मचारीको क्षमता विकासका लागि तपसिल अनुसार प्रयास गर्नुपर्ने देखिन्छ ।
    - ○ अवधारणागत स्पष्टता : महिला, बञ्चितिमा परेको समुह, लैंगिक सम्बन्ध, सामाजिक समावेशीकरण, अपांगता विद्यमान अवरोधको जानकारी गराई सामाजिक प्रक्रियाको विकास गर्ने ।

नगर प्रमुख

CamScanner

- ○ लैससासमा आधारीत विश्लेषण एवं कार्य गर्ने सिप : नीति विश्लेषण, संस्थागत विश्लेषण, कार्यक्रम तथा बजेटको विश्लेषण आदि सीपको विकास बजेट र खर्चको अनुगमन सयन्त्र एवं सामाजिक जवाफदेहिता सम्बन्धि तालिम ।
- ○ सहभागितात्मक ग्रामिण विश्लेषण विधिको प्रयोग ।
- ○ कार्यशैली आचरण एवं सहजीकरण सीप ।

- समावेशि योजनाका लागि क्षमता विकास तथा महिला एवं बञ्चितिमा परेका समुहहरुको सेवा सुविधा पहुचमा बृद्धि गर्ने ।
  - ✓ सामाजिक परिचालन र क्षमता विकास गर्ने ।
  - ✓ सरकारी र गैरसरकारी निकायको साझेदारी गरी कार्यक्रम, बजेटको व्यवस्थापन गर्ने ।
  - ✓ सामाजिक परीचालनका लागि केन्द्रीय नीति, निर्देशिकाको प्रयोग गर्ने वा सोको आधारमा नीति निर्देशिका तयार गरी सञ्चालन गर्ने ।

**रणनीति ५: नगरपालिकाको कार्यक्रम सञ्चालन सेवा प्रवाह गर्ने सयन्त्र लैंगिक समानता तथा सामाजिक समावेशि हुनेगरी सुधार गर्ने ।**

- योजना प्रक्रिया: नगरपालिका तथा मातहतका निकाय एवं सञ्चालित आयोजना, निजि क्षेत्र, गैरसरकारी क्षेत्रको एकिकृत योजना तयार गर्ने ।
- बजेट स्वीकृति : एककिकृत योजना तयार गर्ने र बजेट स्वीकृत गर्ने ।
- बजेट बाँडफाँड: लैससासको भावना समेटी महिला र बञ्चितिकरणमा परेकाहरुका लागि बजेटको व्यवस्थापन गर्ने ।
- आधारभुत सेवा सम्बन्धि संयन्त्र : नगरपालिकाले आधारभुत सेवा प्रदान गर्न समुदायको खण्डीकृत सूचना संकलन र विश्लेषण गरी सोको आधारमा स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई कार्यक्रम उपलब्ध गराउने छ । सोका लागि तथ्यांकको संकलन, विश्लेषण गर्न तथ्यांक शाखाको स्थापना एवं नभए सम्मका लागि अन्य कर्मचारीलाई थप जिम्मेवारी प्रदान गरी तथ्यांकको लगत तयार गर्ने छ ।

**रणनीति ६: नगरपालिकासंग सम्बन्धित विभिन्न नीतिहरुको लैससासका दृष्टिकोणले पुनरावलोकन एवं परिमार्जन गर्ने ।**

- विकेन्द्रिकरण र क्षेत्रगत निक्षेपण नीति अनुसार लेखा जोखा गर्दा बञ्चितिमा परेका समुहहरुलाई सम्बोधन गरी रुपान्तरण गर्न सहयोग गर्ने ।
  - ✓ महिला तथा बञ्चितिमा परेकाको आवश्यकता लाई सम्बोधन गर्ने ।
  - ✓ शक्ति सम्पन्न र बञ्चितिमा परेका समुदायहरु बिचको शक्ति सम्बन्धको रुपान्तरण गर्ने ।
- सामाजिक सुरक्षा नीतिको आफ्नो स्थानीय आवस्था अनुसार पुनरावलोकन गरी लागु गर्ने ।

नरेन्द्र सिंह थापा
नगर प्रमुख

CamScanner

- ✓ नगरपालिको आवस्था हेरी समयसापेक्ष अपाङ्गता भएकाहरुको सामाजिक सुरक्षा प्रदान गर्न सामाजिक सुरक्षा नीतिको परिमार्जन गरी कार्य गर्ने ।
- ✓ पूर्ण र आंशिक अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षाको दायराभित्र राख्ने ।
- ✓ आन्तरिक स्रोतको अधिकतम परिचालन गर्ने र थप आवश्यक भएको संघ सरकार र प्रदेश सरकारबाट माग गर्ने ।

**रणनीति ७: केन्दिय एवं प्रदेश सरकार बाट कार्यक्रम माग गर्न एवं सञ्चालन गर्न स्थानीय तहको क्षमता विकास गर्ने ।**

- लैससास मूलप्रवाहिकरणका लागि संघ सरकार एवं प्रदेश सरकारबाट कार्यक्रम माग गर्ने ।
- लैससासको वर्तमान नीति र अवस्थाको समिक्षा गरी कार्यान्वयनमा ल्याउने ।
- लैससाका कार्यरत संघसंस्थाहरुको संयुक्त योजना तर्जुमा गरी कार्य गर्ने व्यवस्था मिलाउने ।

## १.७ कार्यनीति (Working Policy)

- नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार समेत कार्यक्रममा लाभान्वित महिलाहरुको संख्या कम्तीमा ३३ प्रतिशत हुनुपर्ने व्यवस्था गरीने छ ।
- लैंगिक व्यवस्थापन तथा सूचना लागु गर्न लैंगिक समानता लागि तयार गरेका नीतिहरुमा समय सापेक्ष सुधार गर्ने व्यवस्था गरी प्रभावकारी मूल्यांकन गरीनेछ ।
- नगरपालिका स्तरमा योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा पछाडी परेका महिला, दलित, मुक्त हलिया, सुकुम्बासी, एकल महिला, HIV संक्रमित, आदिबासी, जनजाती, अपाङ्गता भएका र पछाडि पारीएका समुदायको सहभागिता सुनिश्चित गर्ने र महिलाको सहभागिता कम्तीमा ३३ प्रतिशत सुनिश्चित गर्ने ।
- नगरपालिकामा सम्पर्क बिन्दुमा रहेको सामाजिक विकास शाखा, विषयगत कार्यालय, अन्य साझेदार नगरपालिकामा सम्पर्क बिन्दुमा रहेको सामाजिक विकास शाखा, विषयगत कार्यालय, अन्य साझेदार निकाय, संस्थाहरुसंग समन्वय गरी लैंगिक समता र समावेशिकरणका कार्यहरु गरीनेछ ।
- महिलाहरुको सशक्तिकरण गरि नगरपालिका क्षेत्रमा उनीहरुको सहभागिता र क्रियाशिलतालाई बढाईनेछ ।
- नगरपालिका क्षेत्रमा महिला र बञ्चितिमा परेका समुदायहरुलाई आधारभुत सेवा प्रदान गर्न विशेष संयन्त्र निर्माण गरीनेछ ।
- सामाजिक कार्यक्रम एवं योजना तर्जुमा र कार्यान्वयन गर्दा महिला, दलित, आदिवासी र बञ्चितिमा परेका क्षेत्रमा कार्य गर्ने प्रतिनिधि संस्थाहरुलाई अनिवार्य रुपमा संलग्न गराउन प्रोत्साहन गरीनेछ ।
- सामाजिक परिचालनका माध्यमबाट महिला र बञ्चितिकरणमा परेका समूहहरुको क्षमता विकास गर्ने कार्य अगाडी बढाईने छ ।

नरेन्द्र सिंह थापा
नगर प्रमुख

## अध्याय २ : लैंगिक समानता र सामाजिक समावेशिकरण नीतिको कार्यान्वयन तथा अनुगमन

### २.१ लैससास नीतिको कार्यान्वयन

लैगिक समानता र सामाजिक समावेशीकरण (लैससास) नीतिको कार्यान्वयन पक्ष संस्थागत एवं सुदृढ एवं बहुपक्षिय साभ्देदारी र समन्वयको आवश्यकता रहने देखिन्छ ।

- **लैससास मूल प्रवाहिकरणका लागि संस्थागत संयन्त्र**

  नगरपालिकाले लैससासको मूलप्रवाहिकरणका लागि सामाजिक विकास शाखा स्थापना गरी त्यस शाखाअन्तर्गत कार्यरत कर्मचारीलाई सम्पर्क व्यक्ति (Focal Person) तोकी लैससासका सवालहरुलाई सम्बोधन गर्न सहज बनाइनेछ । त्यस शाखा अन्तर्गत कार्यक्रम एवं आवश्यक स्रोत व्यवस्थापन गर्नेछ । यस शाखा अन्तंगत लैससासका सवालहरुलाई समन्वयात्मक एवं प्राथमिकतामा राखि कार्यान्वयन गर्न तपशिलका गतिविधीमा अफै जोड दिइनेछ ।

  ✓ नगरपालिकामा रहेको लैससास शाखाको सुदृढिकरण गर्ने ।

  ✓ लैससास कार्यान्वयन समितिको स्थापना गर्ने ।

  ✓ नगरपालिकामा समावेशि एकिकृत समिति गठन गर्ने ।

  ✓ वडा र समुदाय स्तरमा लैससास मूलप्रवाहिकरणको व्यवस्था गर्ने ।

- **साफेदारी एवं समन्वय**

  लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी तथा गैर सरकारी दातृ साफेदारहरु, सामुदायिक संस्थाहरु र नागरिकहरुबिच साफेदारी आवश्यक हुन्छ । यस कार्यका लागि विभिन्न निकायले सहयोग पुर्‍याउने छन् ।

| साफेदारी गर्न सकिने संस्थाहरु | कार्य भुमिका |
|---|---|
| राष्ट्रिय योजना आयोग | • लैससास एवं सामाजिक परिचालन सम्बन्धि नेपालको संघीय सरकारको नीति तर्जुमा गर्ने ।<br>• लैससासको दृष्टिकोणले योजना तर्जुमा एवं अनुगमनको ढाँचा तयार गर्ने ।<br>• अनुगमन कार्यको तालमेल गरिबीं अनुगमन तथा विश्लेषण प्रणालीसंग गर्ने । |
| संघीय सरकारका विषयगत मन्त्रालयहरु | • लैससास क्रियाकलापहरुको मूलप्रवाहिकरणका लागि संघीय सरकारबाट प्राविधिक सहयोग जुटाउने र विषयगत निकायमा समन्वय प्रदान गर्ने ।<br>• सामाजिक परिचालनका लागि विषयगत समन्वय गर्ने महिला र बञ्चितिमा परेकालाई लैंगिक सम्वेदनशिल र एकिकृत सेवा उपलबध गराउने । |

नरेन्द्र सिंह थापा

| | |
|---|---|
| महिला तथा बञ्चित समुहका सम्वद्ध संस्थाहरु | • समाजमा विद्यमान विभेदकारी प्रचलनको विषयमा र स्रोत तथा साधनको समान वितरणको पक्षमा आवाज उठाउने ।<br>• कार्यक्रम र बजेटको लैससासको आधारमा कार्यान्वयन भए नभएको हेर्ने र सोको सुधारका लागि पृष्ठपोषण प्रदान गरी सहयोग गर्ने । |
| गैर सरकारी संस्थाहरु | • महिला तथा बञ्चितिकरणमा परेका समुहका लागि सामाजिक परिचालनका क्रियाकलापहरुको तर्जुमा, कार्यान्वयन एवं अनुगमनमा सहयोग गर्ने ।<br>• समावेशी सवालमा आवाज उठाउने र कार्यगत सिकाईको अभिलेखीकरण गर्ने । |
| निजि क्षेत्र | • महिला तथा बञ्चितिकरणमा परेका समुहको सशक्तिकरणका लागि आर्थिक, प्राविधिक र व्यवसायिक सहयोग पुऱ्याउने । |
| समुदाय | • कार्यक्रम कार्यान्वयनका लागि साझेदारको रुपमा काम गर्ने ।<br>• आफ्नो बस्ती परिवारको खण्डीकृत सूचनाको अभिलेख राख्ने ।<br>• कार्यक्रमको प्रगति एवं चुनौतिको आफैं अनुगमन गर्ने ।<br>• समाजमा विद्यमान विभेदकारी प्रचलनका विरुद्ध आवाज उठाउने र छलफल गराउन सहयोग गर्ने ।<br>• सेवा प्रदायक निकाय, संघ संस्थाको व्यवहार, कार्यशैली एवं क्रियाकलापहरुको निगरानी गर्ने । |

## २.२ लैससासको अनुगमन प्रतिवेदन

लैससासको अनुगमन र प्रतिवेदनका लागि तपसिलका विषय एवं सूचना समेटीएको प्रतिवेदन तयार गरीनेछ ।

- गरिवी, लिंग, जातजातीका आधारमा खण्डीकृत तथ्यांक एवं सूचनाहरु ।
- लैससाको अनुगमन र प्रतिवेदनका निम्न विषयहरु समेटीएको हुनेछ ।
  - ✓ सम्पति तथा सेवा सुविधामा भएको परिवर्तन
  - ✓ प्रवाह पार्ने आवाज एवं क्षमतामा आएको परिवर्तन
  - ✓ औपचारीक एवं अनौपचारीक नीतिहरु तथा व्यवहारमा आएको परिवर्तन ।

यसले गर्दा महिला एवं बञ्चितमा परेका समुहहरुको सेवा सुविधाको पहुँचमा बृद्धि, जातिय विभेदमा कमी, विभेदकारी प्रचलनमा कमी, उपलब्ध गराईने सहयोग प्रति अन्य वर्गको सहमती जस्ता प्रयासहरुको थालनी हुनेछ ।

- **लैससास शाखा**

नरेन्द्र सिंह थापा
नगर प्रमुख

नगरपालिकामा सामाजिक विकास शाखाले लैससासको समेत कार्य गर्नेछ । यस शाखाले लैससासको दृष्टिकोणले योजनागत रुपमा प्रगतिको सुपरीवेक्षण एवं लेखाजोखा गर्नेछ ।

- **लैससास कार्यान्वयन समिति**

  नगरपालिकामा लैससास समितिले एकिकृत योजना तर्जुमा समितिका प्रतिवेदनको विश्लेषण गर्नेछ र सोबाट प्राप्त अनुभव एवं सूचनालाई विकास कार्यमा समायोजन गर्नेछ । महिला, बालबालिका तथा बञ्चितिमा परेका समुहका लागि हुने बजेट खर्च, कार्यक्रम तथा आयोजनाहरुको प्रगती एवं प्रतिवेदनको आधारमा खण्डिकृत सूचना तयार गर्ने र महिला तथा बञ्चितिकरणमा परेकाहरुको प्रगतिका लागि समग्र उपलब्धिलाई आधार मानिने छ ।

- **सुपरीवेक्षण तथा अनुगमन समिति (नगरपालिका तहमा)**

  सुपरीवेक्षण समितिले योजनाहरुको सुपरीवेक्षण र अनुगमन गर्ने एवं संयुक्त अनुगमनमा सहयोग गर्ने, विवाद सम्झौतामा सहयोग गर्ने, र सोको प्रतिवेदन तयार पार्न सहयोग गर्ने ।

- **सामुदायिक संस्थाहरु (बस्ती तथा वडा स्तरमा)**

  समुदाय स्तरको खण्डीकृत सुचना राख्ने, सुचनाका आधारमा प्रतिवेदन तयार गर्ने र परिवर्तनको लेखाजोखा गर्ने । कार्यक्रममा भएको अवरोधहरुको अनुगमन गर्ने र पहुचमा वृद्धि गर्न सहयोग गर्ने ।

- **विभिन्न निकायहरुको भुमिका**

  - **राष्ट्रिय योजना आयोगको भुमिका**

  ✓ राष्ट्रिय योजना आयोगले लैससासलाई केन्द्रमा राखेर अनुगमन र लेखाजोखा प्रणालीको ढाँचा तयार गर्न सहयोग गर्ने ।

  - **स्थानीय सरकार एवं साझेदारको भुमिका**

  ✓ समुदाय स्तरमा चौमासिक रुपमा प्रगति समिक्षा गर्ने, एकिकृत योजना तर्जुमा समितिले सामाजिक परिचालन, अनुगमन गर्ने, लैससास समितिले नियमित समिक्षा, प्रगतीको लेखाजोखा, अनुगमन गर्ने ।

  ✓ समुदाय, वडा र नगरपालिका स्तरमा अर्धवार्षिक रुपमा सार्वजनिक सुनुवाई, प्रतिवेदन तयारी एवं प्रस्तुती गर्ने ।

  ✓ समुदाय, वडा र नगरपालिका स्तरमा वार्षिक रुपमा सामाजिक परीक्षण, प्रतिवेदन तयारी एवं प्रस्तुती गर्ने ।

- **. नीतिको पुनरावलोकल तथा सुधार :**

  यस नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मूल्यांकन गरी तीन तीन वर्षमा नीतिमा पुनरावलोकन तथा परिमार्जन तथा सुधार गरीनेछ ।

- **. खारेजी र बचाउ**

  यस नीतिका उल्लेखित कुराहरु प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म सम्बन्धित कानुन बमोजिम नै हुने छ ।

नरेन्द्र सिंह थापा
नगर प्रमुख

नीतिमा सुधार एवं पृष्ठपोषणका लागि गठित कार्यदलको नामावली :

| | | | |
|---|---|---|---|
| १. श्री मिना चन्द | उपप्रमुख | संयोजक | दशरथचन्द नगरपालिका |
| २. श्री डम्बर राम टमटा | का.पा. सदस्य | सदस्य | दशरथचन्द नगरपालिका |
| ३. श्री सिता कार्कि | का.पा.सदस्य | सदस्य | दशरथचन्द नगरपालिका |
| ४. श्री बिनोद बहादुर चन्द | सा.वि.शाखा प्रमुख | सदस्य | दशरथचन्द नगरपालिका |
| ५. श्री लक्ष्मी विष्ट | | सदस्य | दशरथचन्द नगरपालिका |
| ६. श्री खिमा बोकटी | | सदस्य | दशरथचन्द नगरपालिका |
| ७. श्री लिला कुवर | म.वि.शाखा | सदस्य सचिव | दशरथचनद नगरपालिका |